# असुली नीति

BJC HealthCare र हाम्रा सदस्य अस्पतालहरू तपाईंलाई बिलिङ तथा असुली प्रक्रिया र तपाईं र तपाईंको परिवारका लागि उपलब्ध स्रोतहरूका बारेमा बुझ्न मद्दत गर्न चाहन्छन् ।

BJC का सदस्य अस्पतालहरू बिरामीको भुक्तानी गर्ने क्षमता जस्तो सुकै भए तापनि विना कुनै भेदभाव आकस्मिक स्वास्थ्य उपचार सेवा प्रदान गर्ने छन् । यदि तपाईंले मेडिकेयर, मेडिकएड, सरकारी वा अन्य स्वास्थ्य बिमा जस्ता बिमा कभरेज लिनुभएको छ भने, BJC का सदस्य अस्पतालहरूले तपाईंको उपचारपछि बिमकको नाममा बिल जारी गर्ने छन् । यदि तपाईंले आफ्नो बिमा गराउनुभएको छ र आफ्नो कभरेज वा आफ्ना लाभहरूको स्तरका बारेमा तपाईंका प्रश्नहरू छन् भने, कृपया आफ्नो बिमकलाई सम्पर्क गर्नुहोस् ।

## सेवा प्रदान गरिने दिन

सेवा प्रदान गरिनेभन्दा दिन अघि वा सोही दिन तपाईंलाई सेवाहरू लिएबापत तपाईंले तिर्नु पर्ने अनुमानित रकम भुक्तानी गर्नका लागि अनुरोध गर्न सकिने छ । यदि तपाईंले बिमा गर्नुभएको छ भने, तिर्नु पर्ने अनुमानित रकम तपाईंका बिमा लाभहरूको आधारमा निर्धारण गरिने छ । यदि तपाईंले बिमा गराउनुभएको छैन भने, निश्चित रकम जम्मा गर्न अनुरोध गरिने छ ।

## बिलिङ विवरण

तपाईंको उपचारपछि, तपाईंले तिर्नु पर्ने कुनै पनि रकमको बिलिङ विवरण तपाईंलाई मेलमार्फत पठाइने छ । तपाईंले बिलिङ विवरण पठाइएको 30 दिनभित्र पूरै रकम भुक्तानी गर्नु पर्ने हुन्छ । यदि तपाईंलाई आफ्नो बिल तिर्नमा सहायता चाहिन्छ, भुक्तानीको योजना बनाउन चाहनुहुन्छ वा आर्थिक सहायताका लागि योग्य ठहरिन चाहनुहुन्छ भने, तपाईंको खाता कुनै असुली एजेन्सीकहाँ पठाइने अवस्था आउन नदिनका लागि तपाईंले बिलिङ विवरणमा उल्लिखित फोन नम्बरमा कल गरेर तुरुन्तै हामीलाई सम्पर्क गर्नु अत्यन्त महत्त्वपूर्ण हुन्छ । बिलिङ विवरणबाहेक तपाईंलाई तपाईंको खाताका सम्बन्धमा पनि फोन कल आउन सक्छ ।

## बिलसम्बन्धी सोधपुछ, विवाद वा शीर्षकवार बिलका सम्बन्धमा अनुरोधहरू

यदि तपाईं आफ्नो बिलको बारेमा सोधपुछ गर्न वा असहमति जनाउन चाहनुहुन्छ भने कृपया हामीलाई बिलिङ विवरणमा उल्लिखित फोन नम्बरमा सम्पर्क गर्नुहोस् । अस्पतालले प्रदान गर्ने सेवाहरूका सम्बन्धमा शुल्कको शीर्षकवार विवरण अनुरोध गरिएमा उपलब्ध हुने छ ।

## भुक्तानीको योजना

यदि तपाईं आफ्नो बक्यौता पूर्ण रूपमा भुक्तानी गर्न असमर्थ हुनुहुन्छ भने, बिलिङ विवरणमा उल्लिखित फोन नम्बरमा हामीलाई फोन गरेर भुक्तानीको योजना बनाउन सकिने छ । तपाईंको खाता असुली एजेन्सीकहाँ पठाउने अवस्था आउन नदिनका लागि तल उल्लिखित दिशानिर्देशहरू बमोजिम भुक्तानी योजनामा अस्पताल सहमत हुनुपर्ने छ । न्यूनतम मासिक भुक्तानी $25 हुनुपर्ने छ ।

**भुक्तानी योजनासम्बन्धी दिशानिर्देश**

| खाता मौज्दात | अधिकतम समयावधि |
|---|---|
| **$500 सोभन्दा कम** | **12 महिना** |
| **$500 - $1,499** | **18 महिना** |
| **$1,500 - $4,999** | **24 महिना** |
| **$5,000 वा सोभन्दा बढी** | **36 महिना** |

## असुली एजेन्सीहरू

BJC का सदस्य अस्पतालहरूले भुक्तानी नगरिएको बक्यौता असुलीमा सहयोग गर्न असुली एजेन्सीहरू प्रयोग गर्दछन् । बिरामीलाई कम्तीमा तीन पटकसम्म बिलिङ विवरण पठाइसकेपछि स्थापित भुक्तानी योजनामा तय नगरिएको, भुक्तानी हुन बाँकी बक्यौता रकमलाई असुली एजेन्सीकहाँ पठाउन सकिने छ । पत्राचार गर्दा दिइएको ठेगानामा प्रापक नभेटिएर पत्र फिर्ता आएको अवस्थामा बक्यौता रकमलाई असुली प्रक्रियाको कुनै पनि बिन्दुमा असुली एजेन्सीकहाँ पठाउन सकिने छ । असुली एजेन्सीद्वारा असुलीसम्बन्धी पत्रहरू जिम्मेवार पक्षलाई पठाइने छ । त्यसका साथै, यी बक्यौता रकमहरूको सम्बन्धमा फोन कलहरू गर्न सकिने छ । यदि कुनै बक्यौता रकम असुली एजेन्सीमा पठाइएको छ र उक्त एजेन्सीमा पठाएको 60 दिनपछि पनि कुनै प्रतिक्रिया प्राप्त भएन भने, बक्यौता रकमको बारेमा क्रेडिट ब्यूरोमा रिपोर्ट गर्न सकिने छ । कृपया ध्यान दिनुहोस्, कुनै पनि बक्यौता मौज्दात वा बक्यौता मौज्दातहरूको योग $500 वा सोभन्दा बढी भएमा कानुनी कारबाही अगाडि बढाउन सकिने छ ।

तपाईंले आफ्नो प्रारम्भिक बिलपछि 240 दिनसम्म, असुली प्रक्रियाको क्रममा कुनै पनि बेला आर्थिक सहायताका लागि आवेदन दिन सक्नुहुन्छ ।

## आर्थिक सहायता

तपाईंले आफ्नो प्रारम्भिक बिलपछि 240 दिनसम्म, असुली प्रक्रियाको क्रममा कुनै पनि बेला आर्थिक सहायताका लागि आवेदन दिन सक्नुहुन्छ ।

तपाईंले बिरामी सेवा प्रतिनिधिसँग कुरा गरेर वा **314-362-8400** वा टोल फ्री नम्बर **855-362-8400** मा फोन गरेर BJC आर्थिक सहायता नीतिको बारेमा थप जानकारी र आवेदन फाराम प्राप्त गर्न सक्नुहुन्छ वा लिखित सूचना वा सञ्चार प्राप्त गर्नका लागि अनुरोध गर्न सक्नुहुन्छ । जानकारी र आवेदन फारामहरू **www.bjc.org** मा पनि उपलब्ध छन् ।

कृपया आर्थिक सहायताको बारेमा सोध्न नहिच्किचाउनुहोस् । हामी मद्दत गर्न तत्पर छौं ।

BJC HealthCare